# Centrepay

**व्यक्ति 1:** के तपाईंलाई आफ्नो बिलहरू व्यवस्थापन गर्न र भुक्तानी गर्न मद्दत गर्न Services Australia को नि:शुल्क सेवा छ भन्ने कुरा थाहा छ?

**व्यक्ति 2: थाहा छैन, यसलाई के भनिन्छ र यसले कसरी काम गर्छ?**

**व्यक्ति 1:** यसलाई Centrepay भनिन्छ। यो नि:शुल्क र स्वैच्छिक बिल भुक्तानी सेवा हो। तपाइँ तपाइँको बिल भुक्तान गर्नको लागि तपाइँको Centrelink को भुक्तानीहरु बाट प्रत्येक पन्ध्र दिनमा थोरै रकम कटौती गर्न छनौट गर्न सक्नुहुन्छ।

**व्यक्ति 2: Centrepay ले मलाई कसरी मद्दत गर्न सक्छ?**

**व्यक्ति 1:** Centrepay तपाईंको नियमित घरायसी खर्चहरू व्यवस्थापन गर्ने र भुक्तानी गर्ने उत्कृष्ट तरिका हो, घरायसी खर्चहरू जस्तै:

- भाडा
- टेलिफोन
- बिजुली, ग्यास र पानी
- चिकित्सा सेवाहरू
- बाल हेरचाह शुल्क
- विद्यालय शुल्क, र अन्य धेरै बिलहरू।

Centrepay ले तपाईंलाई आफ्नो बिल समयमै तिर्न मद्दत गर्छ। तपाईं निम्न निर्णयहरू गर्नुहोस्:

- Centrepay मार्फत भुक्तानी गरिने बिलहरू
- प्रत्येक पन्ध्र दिनमा तपाईंको Centrelink भुक्तानीबाट कति कटौती गर्ने।

तपाईंले कटौती गर्न सक्ने सबैभन्दा कम रकम प्रति पन्ध्र दिनमा $10 हो।

तपाईंले स्वीकृत व्यवसायहरूद्वारा उपलब्ध गराइएका वस्तुहरू र सेवाहरूको लागि मात्र Centrepay प्रयोग गर्न सक्नुहुन्छ।

**व्यक्ति 2: मैले कसरी स्वीकृत व्यवसाय फेला पार्न सक्छु?**

**व्यक्ति 1:** तपाईंले आफ्नो क्षेत्रका व्यवसायहरू खोज्नको लागि हाम्रो वेबसाइटमा रहेको **व्यवसाय वा संस्था खोज्नुहोस्** खोज उपकरण प्रयोग गर्न सक्नुहुन्छ। यसले Centrepay प्रयोग गर्न स्वीकृत व्यवसायहरू सूचीबद्ध गर्दछ।

यदि तपाईंले भुक्तानी गर्न चाहानुभएको व्यवसाय वा व्यक्ति सूचीमा छैनन भने, उनीहरूलाई सम्पर्क गर्नुहोस्। उनीहरूले Centrepay प्रयोग गरेर भुक्तानीहरू स्वीकार गर्छन् कि गर्दैनन् सोध्नुहोस्। यदि उनीहरूले गर्दैनन् भने, यसमा सामेल हुन उनीहरूलाई आग्रह गर्नुहोस्।

**व्यक्ति 2: मैले कसरी Centrepay कटौती सेट अप गर्न सक्छु?**

**व्यक्ति 1:** तपाईंले निम्न तरिकाले कुनै पनि समयमा Centrepay कटौती सुरु गर्न, परिवर्तन गर्न, जाँच गर्न वा रोक्न सक्नुहुन्छ:

- तपाईंले भुक्तानी गर्न चाहनुभएको व्यवसायलाई तपाईंको लागि सेटअप गर्न भनेर
- myGov मार्फत तपाईंको Centrelink अनलाइन खाता प्रयोग गरेर
- आफ्नो मोबाइल उपकरणमा Express Plus Centrelink एप प्रयोग गरेर
- सेवा केन्द्र भ्रमण गरेर
- तपाईंको भाषामा कुरा गर्न हामीलाई **131 202** मा फोन गरेर।

**व्यक्ति 2: मैले Centrepay को बारेमा थप जानकारी कहाँ पाउन सक्छु?**

**व्यक्ति 1:** तपाईंले **servicesaustralia.gov.au/centrepay** मा अङ्ग्रेजीमा थप जानकारी पाउन सक्नुहुन्छ वा तपाईंको भाषामा कुरा गर्न **131 202** मा फोन गर्नुहोस् । पुन: सो नम्बर- **131 202**.

टेलिफोन सेवा प्रदायकको आधारमा फोन शुल्क फरक हुन सक्छ। सार्वजनिक टेलिफोन र मोबाइल फोनबाट उच्च फोन शुल्क लाग्न सक्छ।

## अस्वीकरण

यस प्रकाशनमा समावेश जानकारी भुक्तान र सेवाहरूको लागि गाईडको रूपमा मात्र हो। यदि तपाईं भुक्तानीको लागि आवेदन दिन चाहानुहुन्छ र तपाईंको विशेष परिस्थितिहरूको सन्दर्भमा आवेदन दिन चाहनुहुन्छ भने यो निर्णय गर्ने तपाईंको जिम्मेवारी हो।

# Centrepay

**Person 1:** Did you know Services Australia has a free service to help you manage and pay your bills?

**Person 2: No, what is it called and how does it work?**

**Person 1:** It is called Centrepay. It is a free and voluntary bill paying service. You can choose to have small amounts of money deducted from your Centrelink payments each fortnight to pay your bills.

**Person 2: How can Centrepay help me?**

**Person 1:** Centrepay is a great way to manage and pay your regular household expenses, like:

- rent
- telephone
- electricity, gas and water
- medical services
- child care fees
- school fees, and many other bills.

Centrepay helps you pay your bills on time. You decide:

- the bills to pay through Centrepay
- how much to deduct from your Centrelink payments each fortnight.

The lowest amount you can deduct is $10 per fortnight.

You can only use Centrepay for goods and services provided by approved businesses.

**Person 2: How do I find an approved business?**

**Person 1:** You can use the **find a business or organisation** search tool on our website to search for businesses in your area. It lists businesses approved to use Centrepay.

If a business or person you want to pay is not on the list, contact them. Ask them if they accept payments using Centrepay. If they do not, ask them to consider joining.

**Person 2: How do I set up a Centrepay deduction?**

**Person 1:** You can start, change, check or stop a Centrepay deduction at any time by:

- asking the business you want to pay, to set it up for you
- using your Centrelink online account through myGov
- using the Express Plus Centrelink app on your mobile device
- visiting a service centre
- calling us on **131 202** to speak to someone in your language.

**Person 2: Where can I find out more about Centrepay?**

**Person 1:** You can find out more in English at **servicesaustralia.gov.au/centrepay** or call **131 202** to speak to someone in your language. That number again – **131 202**.

Call charges may vary depending on the telephone service provider. There may be higher call charges from public telephones and mobile phones.

## Disclaimer

The information contained in this publication is intended only as a guide to payments and services. It’s your responsibility to decide if you wish to apply for a payment and to make an application with regard to your particular circumstances.